स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

भेट दुई कारणले हुने गर्छ, संयोग र योजनाबद्ध । योजनाबद्ध भेट कुनै उद्देश्यका लागि हुन्छ । संयोगमा भएको भेट स्मरणीय बन्छ । यस्तै संयोगपूर्ण भेट भएको छ, अभिनेत्री बन्ने तरखरमा रहेकी मोडल नीति शाहको बलिउड सुपरस्टार गोविन्दासँग । त्यो पनि ट्राफिक जाममा । त्यो पनि नेपालमा होइन, स्वप्न नगरी भारतको मुम्बईमा । दुवैले ट्राफिक जाममै 'कार टू कार' संवाद समेत गरे । नीतिले इन्स्टाग्राममा गोविन्दासँग मुम्बईको ट्राफिकमा भएको भेटको तस्बिर राखेकी छन् ।

आजको विचार...

नजव...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल

राजनीति र समाजको कथावस्तुमा आधारित फिल्म 'ऐंचो पैंचो' भदौ १४ गते प्रदर्शनको तयारीमा छ । यसअघि पाँच फिल्म निर्माण गरेकी कृषा चौलागाईंले यो फिल्मबाट निर्देशनमा डेब्यु गरेकी छन् । पछिल्लो समय नेपालमा महिला फिल्ममेकरको संख्यामा उल्लेख्यरुपमा बढ्न थालेको छ । यही सन्दर्भमा चौलागाईंले फिल्ममार्फत परिवार र समाजको अन्तरद्वन्द्वलाई राजनीति लेपन दिंदै कथा भन्ने प्रयास गरेकी छन् । नेपाली फिल्ममा पुरुषवादी सोच हाबी रहेको अनुभव बाँडदै उनले अब यो तोडिनु जरुरी रहेको बताइन् ।

❒ वर्ष २९ ❒ अंक ३६ ❒ २०८० भदौ ४ गते सोमबार 21 August 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

बस दुर्घटनामा तेह्र जनाको मृत्यु

(रासस/एएफपी)

लिमा, भदौ ३/पेरुको पहाडी क्षेत्र एन्डिजमा यात्रुवाहक बस दुर्घटना हुँदा १३ जनाको मृत्यु हुनका साथै अन्य पाँच जना गम्भीर घाइते भएका अधिकारीहरूले बताएका छन् ।

करिब ५० जना यात्रु बोकेको बस एण्डियन शहर विल्काशुआमानबाट राजधानी लिमातर्फ आउँदा पहाडी भेगको खोचमा सोमबार बिहान खसेको हुआतारा जिल्ला प्रहरी चौकीका एक अधिकारीले एएफपीलाई बताए । घाइतेहरूको पिस्को शहरको अस्पतालमा उपचार भइरहेको छ ।

तीव्र गति, मर्मतसम्भार नगरिएका खराब सडक, सुरक्षा तथा जोखिमसूचनक सडक सङ्केतको कमी र सवारी नियमको अक्षरस: पालना नहुँदा पेरुका राजमार्गमा प्राय:दुर्घटना भइरहन्छन् । विश्व स्वास्थ्य संगठनले सन् २०१९ मा सार्वजनिक गरेको एक अध्ययनअनुसार त्यस वर्ष चार हजार चार सय १४ जनाको सडक दुर्घटनामा मृत्यु भएको थियो ।

प्रतिनिधिसभा बैठक फेरी स्थगित

पाल्पा, भदौ, ३/प्रतिनिधिसभाको बैठक फेरी पनि स्थगित भएको छ । आइतबारका लागि बोलाइएको बैठक बस्दै नबसी सूचना टाँसेर स्थगित भएको हो । बैंठक मंगलबारसम्मका लागि स्थगित भएको छ ।

सुन तस्करी प्रकरणमा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले १० साउनदेखि निरन्तर संसद् अवरुद्ध पार्दै आएको छ । संसद् खुलाउने विषयमा सभामुख र सरकारले पहल गरे पनि त्यो प्रयास असफल भएपछि आइतबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक बस्दै नबसी सूचना टाँसेर स्थगित गरिएको हो । संसद् सचिवालयले प्रतिनिधिसभाको बैठक मंगलबार दिउँसो ३ बजेसम्मका लागि स्थगित भएको जनाएको छ ।

सूचना ! सूचना !! सूचना !!!

यस तानसेन खानेपानी उपभोक्ता समितिको मिति २०८० साल श्रावण महिनाको १९ गते बसेको कार्य समितिको बैठकको निणर्य अनुसार धारा नामसारी गर्न ईच्छुक उपभोक्ताहरुले मिति २०८० साल भाद्र २५ गते भित्र यस कार्यालयमा सर्म्पक गरी आवश्यक कागजातहरु पेश गरी नामसारीको लागि निबेदन दिनुहुन जानकारी गराईन्छ । साथै निवेदन दैनिक रुपमा दर्ता गरेता पनि यस समितिको निकट भविश्यमा हुने मतदानमा भाग लिन तथा उम्मेदवार हुन २०८० भाद्र २५ गते सम्म निबेदन दर्ता गराउनुहुन समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

अनुरोधक
मोहन प्रसाद श्रेष्ठ
अध्यक्ष
तदर्थ समिति एवं
तानसेन खानेपानी उपभोक्ता समिति परिवार
सम्पर्क नं. : ०७५-५२२०८७

दैनिक उपभोग्य वस्तुमा व्यापारीको मनपरी

सात पसल कारवाहीमा

रामचन्द्र रायमाझी /अनिल लिगल

पाल्पा, भदौ ३/तानसेनका केही किराना पसलका व्यापारीहरुले दैनिक उपभोग्य वस्तुमा मनपरी गर्ने गरेको पाइएको छ । बजार अनुगमन नियमित नहुँदा व्यापारीले बजारमा दैनिक उपभोग्य वस्तुको मुल्य मनपरी लिने र म्याद गुज्रिएका खाद्यान्न विक्रि गर्ने गरेका छन् । आइतबार तानसेन बजारका विभिन्न स्थानमा गरिएको अनुगमनका क्रममा समेत व्यापारीहरुले उपभोग्य वस्तुमा मनपरी गर्ने गरेको पाइएको हो ।

उनीहरुले म्याद गुज्रीएका, वस्तु विक्री गर्ने गरेको, मूल्य सूची नै नराखी मनपरीमा मूल्य लिने गरेको, तराजु ठिक नभएको, दर्ता भएका पसलहरु पनि लामो समयसम्म नविकरण नभएका, सर्वसाधरण हिड्ने सडकपेटीमा सर-समान राखी व्यापार गरेको, गुणस्तरहीन वस्तुहरु विक्रि गर्ने गरेको भेटिएको छ । यस्तै खाद्य सामग्रीमा वजन कम भएको, पसलहरु दर्ता नभएको, पिय पदार्थ लगायतका सरसमानको एक वर्ष अगाडि नै उपभोग्य मिति सकिएका सरसमान खुलेआम विक्रि भईरहेको पाइएको छ । जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा गएको अनुगमन टोलीले मनपरी गर्ने सात किराना तथा गल्ला पसलहरुलाई जरिवाना समेत गरेको छ । उनीहरुलाई पहिलो पटक ५ हजारका दरले जरिवाना गरिको अनुगमनमा पुगेकी जिल्ला प्रशासन कार्यालय पाल्पाकी साहयक प्रमुख अधिकारी भक्तिश्वर रानाले बताइन् । उनले पहिलो चरणमा केहीलाई सामान्य जरिवाना गरिएको र अन्यलाई सुझाव सहित निर्देशन दिइएको बताईन् । रानाका अनुसार सुझाव अटेर गरे अर्को पटक कडा कारवाही हुने छ । टोलीले तानसेनका मखनटोल, सिल्खानटोल, विशालबजार, टक्सार टोल लगायतका ९ वटा किराना खाद्य तथा गल्ला पसल, डिपार्टमेन्टल स्टोर गरी करीव एकदर्जन पसलहरुको अनुगमन गरेको थियो । अनुगमनमा तानसेन नगरपालिका, उपभोक्ता हित संरक्षण मञ्च पाल्पा, पाल्पा उद्योग वाणिज्य संघ, पत्रकार महासंघ, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, घरेलु तथा साना उद्योग कार्यालयका प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

तानसेनका किराना पसलमा अनुगमन गर्दै अनुगमन टोली ।

अनुगमन नियमित नहुँदा मनपरी

अनुगमन नियमित नहुँदा व्यापारीले मनपरी गर्ने गरेको उपभोक्ताहरुको गुनासो छ । मौसमी रूपमा मात्रै गरिने अनुगमनले उपभोक्ताले गुणस्तर र सुपथ मूल्यमा सामग्री नपाउने स्थानीय दीपक अधिकारी बताउँछन् । नियमित अनुगमन नहुँदा बजारमा म्याद नाघेका खाद्य वस्तु बिक्री भइरहेको उनको भनाइ छ । किराना पसलमा मूल्यसूची नराखी उपभोक्तालाई ठग्ने काम भइरहेको भन्दै उनले सबै पसलमा समान मूल्य कायम गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताए । अनुगमन गर्ने निकायले भने आफुहरुले बेला बेलामा अनुगमन गरेको दाबी गर्दै आएका छन् ।

कालीगण्डकीमा केरा खेतीलाई प्रोत्साहन : एक दिन केराका परिकार अनिवार्य

गल्याङ, भदौ ३/स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले हप्ताको एक दिन केराको फलबाट बनेका परिकार अनिवार्य गरेको छ ।

गाउँपालिकाले प्रत्येक हप्ताको बुधबार गाउँपालिकाको कार्यालय, कालीगण्डकी अस्पताल, वडा कार्यालय र विद्यालयमा रहेका चमेना गृहमा केराबाट बनेका परिकार प्रयोगलाई अनिवार्य गरेको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले जानकारी दिए । गाउँपालिकाले दिएको तालिम लिएपछि यहाँका किसानले केराको खेरा जाने कच्चा पदार्थबाट हस्तकलाका सामग्री बनाउँदै आएका छन् । उनले उत्पादित केराको खपत पालिकाभित्रै गर्ने, उपभोक्ताका रुपमा पालिकाभित्रकै नागरिकलाई प्राथामिकता दिने उद्देश्यसहित पालिकाले यस्तो निर्णय गरेको जानकारी दिए । 'गाउँपालिकाको निर्णय सबैका लागि स्वरोजगारको माध्यम बन्ने छ', उनले भने । गत साउन ३२ गतेको पालिकाको निर्णय अनुसार केरा खेतीको प्रोत्साहन र कृषकको बजारको सहज पहुँचका लागि यो निर्णय गरिएको उनको भनाइ छ । थापाले केरा खेती गर्ने कृषकलाई यो निर्णयले उत्प्रेरणा र सहजिकरण गर्ने बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवेन्द्र पाण्डेले भदौको पहिलो बुधबारदेखि यो कार्यक्रम तोकिएका स्थानमा लागू गरिने जानकारी दिए । उनले सम्बन्धित कार्यालयलाई हरेक बुधबार केराका परिकार खुवाउनुपर्ने परिपत्र पठाइएको बताए । पाण्डेले पहिलो चरणमा केराको सेल रोटी, पकौडा, आचार, चुकौनी, ससेज लगायतका परिकार बन्ने बताए 'आउने बुधबारदेखि गाउँपालिका र कालीगण्डकी अस्पतालको चमेना गृहबाट सुरुआत गर्ने छौँ, क्रमश: वडा कार्यालयमा, विद्यालयमा र विद्यालयमा सञ्चालित दिवाखाजा कार्यक्रममा समेत यसलाई समेट्ने छौँ', उनले भने, 'हामीले पालिकाभित्रका सम्पूर्ण होटल, खाजाघर, घर वास लगायतका भान्सेलाई यससम्बन्धी तालिम दिने योजना बनाएका छौँ, त्यस पश्चात अझ धेरै केराका परिकार बन्ने छन् ।' गाउँपालिकाले केराजन्य कच्चा पदार्थबाट जुस र हस्तकलाका सामग्री बनाएर रोजगार दिने योजना अगाडि बढाएको छ । यसअघि 'एक घर एक रोजगार' सिर्जना गर्ने उद्देश्यसहित पालिका भित्रका नागरिकलाई हस्तकलाका सामग्री बनाउन तालिम दिइएको थियो । प्रशासकीय अधिकृत पाण्डेका अनुसार पालिकाले बृहतरुपमा केराखेती गरेर फल उत्पादन गर्ने, फलको विभिन्न खानाका परिकार बनाउने, थामको जुस, गलैँचा, मुडा, चप्पल, चकटी, धागो, खादा पातको टपरी बनाउने र रोजगार दिने योजना अगाडि बढाएको छ । 'गाउँपालिकाबाट तीन विद्यालय र ९० किसानलाई २० हजार केराका विरुवा वितरण गरिएको छ', पाण्डेले भने, 'हाल १८ हजार बिरुवा हुर्किरहेका छन्, यो योजनाबाट प्रत्यक्ष र अप्रत्यक्षरूपमा करिब नौ सय जना स्वरोजगार बन्ने पालिकाको विश्वास छ ।' -रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

नाग पञ्चमी र शास्त्रीय परम्परा

हिन्दु धर्मशास्त्र अनुसार आज नाग पञ्चमी पर्व मनाइँदै छ । श्रावण शुक्ल पञ्चमीका दिन मनाइने यस पर्वमा ढोकामाथि वा ढोकाको दायाँ–बायाँ नागको फोटो टाँसेर विधिपूर्वक पूजा गर्ने धार्मिक मान्यता रहेको छ । ज्योतिष शास्त्रअनुसार पञ्चमी तिथिका स्वामी नाग देवता भएकाले पनि यस दिन नागका अष्टकुल (अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलिर, कर्कट र शंख) का नागहरूको पूजा गर्ने गरिन्छ । ती नाग वा तिनको नाम लेखिएको चित्र घरको मूल ढोकामाथि वा ढोकाको दायाँ–बायाँ गाईको गोबरले टाँसेर पूजा गर्ने शास्त्रीय परम्परा रहेको छ । नागहरूमा पानी पार्ने शक्ति भएको विश्वासले गर्दा वर्षाकालमै नागपूजा गर्ने परम्परा रहेको हो भन्ने किवदन्ती रहेको छ । नागपञ्चमीको दिनमा नागको मूर्तिहरूमा दूध र दहीले स्नान गराउने र अर्पण गर्ने चलन छ । सर्पलाई गहनास्वरूप प्रयोग गर्ने शिवको ऋषेश्वर स्वरूपलाई पनि यसै दिन स्मरण र पूजन गरिन्छ । घरभित्र सर्प नपसुन् भनेर मूलढोकाको माथिल्लो भागमा अष्टनाग र कालियदमन चित्र टाँसिन्छ ।

वैदिक समयदेखि पूजा प्राप्त गरेका नागलाई श्रीकृष्णले विशेष महत्व दिएका छन् । प्रकृतिपूजा र उपासनाको परम्परामा हिन्दुहरुले मनाउँने नागपञ्चमीले पर्यावरणीय महत्वलाई झल्काउँछ नै, अर्कोतिर हिन्दु धर्मको दार्शनिक पक्षलाई सम्झाउँछ । सर्पले प्रकृतिमा भएको विषाक्त तत्वहरुलाई आफूमा ग्रहण गरेर प्राकृतिक सन्तुलनलाई कायम राख्दछ । प्राचीनकालदेखि नै नेपालमा नागपूजा मनाउँदै आएको पाइन्छ । भगवान शंकरले गहनाको रुपमा र भगवान विष्णुले शैयाको रुपमा प्रयोग गर्ने नागलाई बौद्ध धर्ममा उत्तिकै श्रद्धाका साथ पूजिन्छ । कुनै पनि मानिसले घर वा आफ्नो लागि बासस्थान निर्माण कार्य सुरु गर्नु पूर्व उक्त भूमिमा नागको बास छ छैन भनि परिक्षण गराउँछन्, यदि उक्त भूमिमा नागको बास भए विधिवत रुपमा पूजा गरि नागलाई पन्छाएर नाग देवताको दोषबाट छुटकारा लिने धार्मिक आस्था रहिआएको छ । हिन्दु धर्मावलम्बीहरुले नागलाई देवताको रुपमा विशेष महत्व दिन्छन् । नाग देवता धर्तीमा बस्छन् भन्ने मान्यताले गर्दा धर्ती खनजोत गर्दा नाग देवतालाई चोट पुग्ने भएकाले नाग पञ्चमीको दिन धर्तीमा खनजोत समेत गरिन्दैन । नाग र मानिसको सम्बन्ध परापूर्वकालदेखि नै कुनै न कुनै रुप र स्वरुपमा रहिआएको पाइन्छ । यसर्थ नागलाई देवता मान्ने धर्मावलम्बीहरुले धार्मिक आस्था र विश्वासको रुपमा यस पर्वलाई भव्यताका साथ मनाउने परम्परा रहेको छ ।

Opinion @ Social Network

प्रेम एक अनन्त रहस्य हो
किनकि कुनै उचित कारण छैन, जसले यसलाई व्याख्या गर्न सक्छ ।
(निर्मला रानाको फेसबुक स्टाटस https://www.facebook.com/Nirmala.rana)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

संसदलाई प्रतिशोध पोख्ने थलो कहिलेसम्म बनाउने ?

दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

संसदीय व्यवस्था र संसदीय सर्वोच्चताको पूर्णरुपमा अबलम्बन गर्ने देशको रुपमा श्रेय पनि बेलायतलाई नै जाने गर्दछ । यसको नेपालमा अभ्यासको चर्चा गर्दा, नेपालमा वि.स. २००७ सालमा पहिलो पटक बहुदलीय प्रजातान्त्रीक व्यवस्थाको सुरुवात भएसगै संसदीय शाशन व्यवस्थाको अभ्यास भएता पनि वि.स २०१७ सालमा राजा महेन्द्रले पञ्चायती शाशन ब्यवस्थाको सुरुवाद सगै यो व्यवस्था केहि समय निरन्तरता पाउन सकेन । करीब २ दशकको राजनीतिक उथलपुथल सगै वि.स २०४६ सालको जनआन्दोलन र त्यस पछि विकास भऐको राजनीतिक घटना क्रम सगै यस व्यवस्थाले निरन्तरता पाएको देखिन्छ । विभिन्न समयमा विकास भएका घटनाक्रमले शाशन व्यवस्था परिवर्तन भएता पनि संसदीय व्यवस्थाले भने निरन्तरता पाएको देखिन्छ । संसदले आईमाईलाई लोग्ने मानिस र लोग्ने मान्छेलाई आईमाई बनाउनु बाहेक सबै बनाउन सक्छ भनि सर्वोच्च महत्व दिइएको पाइन्छ । यति महत्वपूर्ण भूमिका रहेको संसदको भने नेपालमा अभ्यास सन्तोषजन देखिदैन् । नेपालको संसदले भने न हिजो त, न आज नै जनताको हितलाई सर्वोपरी राखि काम गरेको देखिदैन । संसद सञ्चालन अवधिका धेरै समय राजनीतिक दलहरु बीच आरोप-प्रत्यारोप, व्यक्तिगत कुण्ठा र स्वार्थ परिपुर्तीमा नै अधिकाश समय वेथित भएको देखिन्छ ।

विगत केहि महिना अगाडि देखि देशको जिम्मेवार राजनीतिक दल नेकपा ऐमालेले विभिन्न बहाना र विषयलाई लिएर संसद नियमित सञ्चालन गर्ने प्रक्रियामा अवरोध सिर्जना गरि रहेको देखिन्छ भने अर्को तर्फ सत्ता पक्ष यसको अन्त्यका लागि मौन देखिन्छ । राजनीतिक सौदाबाजी , व्यक्तिगत इगो पोख्न र अप्रत्यक्ष लेनदेनका लागि गरिने यस्ता क्रियाकलापले तत्कालका लागि राजनीतिक स्वार्थ पूरा गर्ने अवसर प्राप्त भएता पनि कतै यसले संसद, सासद र संसदीय व्यवस्था माथि जनमानसमा नमेटिने नकरात्मक छाप पर्ने देखिन्छ भने कतै यस्तै कार्यले निरन्तरता पाईरहने हो भने विश्वकै उत्कृष्ट व्यवस्था मानिने संसदीय व्यवस्था नै अन्ततः असफल हुने त होइन प्रश्नहरु उत्पन्न गराएको देखिन्छ । विगत केहि समय अगाडिदेखि जनताको जनजीवीका र देशको जल्दो बल्दो विषय उठान हुनुपर्ने संसद जस्तो देखिदैन, सासद सासद जस्ता देखिदैनन् मात्र आरोप प्रत्यारोप गर्ने, प्रतिशोध पोख्ने थलोको रुपमा विकास भएको आभाष भऐको छ । यहाँ यसैसँग सम्बन्धित विषयमा केन्द्रीत रहेर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने जनताबाटै निर्वाचित भएर गएका जन प्रतिनिधिहरु मिलेर सरकार बनाउने, ऐन नियम बनाउने तथा सुशासन स्थापित गर्ने सर्वोकृष्ट संस्थालाई संसद भन्न सकिन्छ । संसदीय व्यवस्था कहिले र कहाँबाट भयो भन्ने कुरामा आधिकारीक प्रमाण नभेटिएता पनि करीव ११ औं शताब्दी तीर parliment शब्दको प्रयोग chansode Roland भन्ने लेखमा प्रयोग भएको मानिन्छ । फ्रेन्च भाषाको पाली शब्दबाट parliament भऐको मानिन्छ । जसको अर्थ हुन्छ कुरा गर्ने पसल (Talking shope) । सर्वप्रथम प्रजातन्त्रको सुरुवात प्राचीन ग्रीसबाट भएको कारण त्यहीबाट नै संसदीय व्यवस्था सुरुवात भएको हो की ? अनुमान लगाउन सकिन्छ तर आधिकारीक रुपमा भने प्रजातन्त्र र संसदीय व्यवस्थाको सुरुवात र असल अभ्यास गरेको बेलायतबाट भएको सजिलै अनुमान लगाउन सकिन्छ । संसदीय व्यवस्था र संसदीय सर्वोच्चताको पूर्णरुपमा अबलम्बन गर्ने देशको रुपमा श्रेय पनि बेलायतलाई नै जाने गर्दछ । यसको नेपालमा अभ्यासको चर्चा गर्दा, नेपालमा वि.स. २००७ सालमा पहिलो पटक बहुदलीय प्रजातान्त्रीक व्यवस्थाको सुरुवात भएसंगै संसदीय शाशन व्यवस्थाको अभ्यास भएता पनि वि.स २०१७ सालमा राजा महेन्द्रले पञ्चायती शाशन व्यवस्थाको सुरुवाद संगै यो व्यवस्था केहि समय निरन्तरता पाउन सकेन । करीब २ दशकको राजनीतिक उथलपुथल संगै वि.स २०४६ सालको जनआन्दोलन र त्यस पछि विकास भऐको राजनीतिक घटना क्रम संगै यस व्यवस्थाले निरन्तरता पाएको देखिन्छ । विभिन्न समयमा विकास भएका घटनाक्रमले शाशन व्यवस्था परिवर्तन भएता पनि संसदीय व्यवस्थाले भने निरन्तरता पाएको देखिन्छ । संसदले आईमाईलाई लोग्ने मानिस र लोग्ने मान्छेलाई आईमाई बनाउनु बाहेक सबै बनाउन सक्छ भनि सर्वोच्च महत्व दिइएको पाइन्छ । यति महत्वपूर्ण भूमिका रहेको संसदको भने नेपालमा अभ्यास सन्तोषजन देखिदैन् । नेपालको संसदले भने न हिजो त, न आज नै जनताको हितलाई सर्वोपरी राखि काम गरेको देखिदैन । संसद सञ्चालन अवधिका धेरै समय राजनीतिक दलहरु बीच आरोप-प्रत्यारोप, व्यक्तिगत कुण्ठा र स्वार्थ परिपुर्तीमा नै अधिकाश समय वेथित भएको देखिन्छ । देश, जनता, जनहित र जन चासोका विषयमा गहन छलफलमा केन्द्रीत हुनुपर्ने संसद लामो समयसम्म अवरोध भएको देखिन्छ । अत्यावश्य ऐन कानुनहरु संसद बाहिरबाट आईरहेको छ भने कतिपय स्थितिमा संसद छलेर स्वेच्छाचारी तरीकाले आफु अनुकुलको ऐन कानुन ल्याउनका लागि संसद बैठकको अन्तय गर्ने, संविधान विपरीत विघटन गर्ने जस्ता कार्य पनि गरेको अनुभव हामी सामु रहेको छ ।

यस्तो गर्नु दलहरुको संसद प्रतिको गैर जिम्मेवारीपन र जनताका प्रतिनिधिको निर्वाचनका लागि गरिएको अरबौ खर्च ब्यर्थ जस्तो भै रहेको देखिन्छ । यस्ता अभ्यास हुनु प्रजातन्त्र र गणतन्त्रका लागि राम्रो पक्ष भने पक्कै होइन । यस्ता सत्ताकेन्द्रीत र स्वार्थकेन्द्रीत हर्कतहरुले सबै भन्दा राम्रो मानिने संसदीय शाशन व्यवस्थानै असफल हुने भएकाले देश भित्र क्रियाशिल राजनीतिक दलहरु र सत्तापक्षले बेलैमा ध्यान दिएर यस्ता व्यवहारमा सुधार गरेर अगाडि बढनु जरुरी देखिन्छ ।

यस कार्यमा राजनीतिक दलहरु जिम्मेवार भएको देखिदैन । सत्ता बाहिरका राजनीतिक दलले विशेष गरेर यस कार्यलाई आत्मसाथ गरेको देखिन्छ । विशेष गरेर जिम्मेवार राजनीतिक दल पटक-पटक राज्य सञ्चालन गरेको नेकपा ऐमाले यस मामलामा अग्रस्थानमा रहेको देखिन्छ भने अन्य राजनीतिक दलहरु पनि यो मामलामा अछुतो भने रहेको देखिदैन । देशको संघीय संसदका अलावा ७ प्रदेशहरुमा पनि कुनै न कुनै राजनीतिक दलले संसद सञ्चालनमा अवरोध गरेको देखिन्छ तर यस पक्षको हिसाब कितावनै छैन । नेकपा ऐमालेले करीब २३ बर्षको अन्तरालमा २५२ पटक संसद अबरुद्ध गरेको इतिहास भेटिन्छ भने एक पटकमा लगातार १ सय ८७ दिन सम्म अथवा करिब ९ महिना संसद अनिर्णयको अबस्थामा पुऱ्याएको देखिन्छ भने यो कार्य निरन्तरताले जनताको सर्वोच्च शाशन मानिने गणतन्त्रमा पनि निरन्तरता पाउनुले संसदीय व्यवस्थालाई मात्रै नभएर गणतान्त्रिक शाशन व्यवस्था माथि नै बहस सिर्जना गरेको देखिन्छ । आज भोली संसदलाई जनता भन्दैछन् संसद की ? आन्दोलन गर्न सिकाउने थलो ।

जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्था मानिने संसदीय शाशन प्रणाली सञ्चालनमा आवश्यक चासो देखाउने, ट्रयाक बाहिर जान लागेको शाशन व्यवस्थालाई आवश्यक निर्देशन र नियन्त्रणमा केन्द्रीत हुनुपर्दछ यसका साथै आवश्यक नीति तथा कानुन निमार्णमा केन्द्रीत हुनुपर्दछ तर विगतका वर्षहरुका साथै केहि समय अगाडिदेखि विभिन्न विषयलाई लिएर पटक-पटक ऐमालेले संसद अवरुद्ध गरिरहेको छ । यसको अन्त्य हुने छाटकाट पनि कतै देखिदैन । यसो हुनुहुँदैन यसका लागि जिम्मेवार राजनीतिक दलले जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नु पर्दछ भने सत्ता पक्षले पनि सत्ताको शक्तिको आडमा पेलेरै लाने रणनीति त्याग गरि जिम्मेवार हुनु जरुरी देखिन्छ । संसदको गरिमालाई कायम गर्न नसक्नु राजनीतिक दलहरुको सबै भन्दा ठूलो कमजोरी हो । जनता र देशलाई सर्वोपरी राखेर अगाडि बढ्न सक्ने हो भने यस्ता संसद अवरोध जस्ता क्रियाकलाप फेरि दोहोरीने कुराको अन्त्य हुनेकुरामा दुईमत रहँदैन तर यस्तो सोच कहिले बनाउने राजनीतिक दलहरुले ? यसका लागि जिम्मेवार प्रतिपक्ष तथा सत्ता पक्ष राजनीतिक दलहरुले आफ्ना व्यक्तिगत स्वार्थ लाई त्याग गरेर जनता, राष्ट्र र राष्ट्रियतालाई स्वार्थ बनाउने हो भने तत्काल देखिएको अस्थिरता र गतिरोधको अन्त्य गर्न सकिने थियो की ? ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय	
बुटवल	०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२११९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७६-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर	०७५-६९१५१५
अस्पताल कार्यालय	
लुम्बिनीसिटी अस्पताल	०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा	०७१-५२०१९३
मिसनअस्पताल पाल्पा	०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४११२०१
पिचन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४५०
बुटवल हस्पितल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेडिटेक अस्पताल	५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:	०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल:	०७५-४००१५४
एम्बुलेन्स न.	
रोटरी क्लब बुटवल	०७१-५४४६००
लियो क्लब अफ बुटवल	०७१-५४५८९३
रेडक्रस भैरहवा	०७१-५२०२६३
रेयुकाई भैरहवा	०७१-५२६६७३,९८४७०२२४६४
परासी	०७८-५२०१२५
रेडक्रस पाल्पा	०७५-५२०६००
रेडक्रस तौलिहवा	०७६-५६००१५
रेडक्रस अर्घाखाँची	०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी	०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि.	०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल	९८५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१०५८
बनगाई क्लब बनगाई	०७६-६९०१०२
रेडक्रस देवदह	०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७१२९९६४
न्यू एकता क्लव तानसेन :	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा :	९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:	९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष	सम्मान र प्रतिष्ठा प्राप्त हुनसक्छ। परोपकारका क्षेत्रमा लगानीको समय छ।
वृष	कामका अवसर फेला पर्नेछन् । श्रमको उचित मूल्याङ्कन हुनेछ ।
मिथुन	आफ्नो प्रयासबाट दीर्घकालिक फाइदा पुग्नेछ । मनमा शान्ति छाउनेछ।
कर्कट	मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ।
सिंह	बोलीको प्रभाव बढ्नेछ । नयाँ कामको थालनी पनि हुनेछ ।
कन्या	धार्मिक कार्य सफल हनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।
तुला	कार्य सम्पादनमा सहजता मिल्नेछ। वैदेशिक कमहरू आगाडि बढ्नेछ ।
वृश्चिक	सहयोगी र नातागोताको साथ मिल्नेछ । वैदेशिक काम पनि बन्न सक्छ।
धनु	सामाजिक कार्यमा सफलता मिल्नेछ। सहयोगीहरूको राम्रो साथ पनि मिल्नेछ।
मकर	मान सम्मान पाइनेछ । दाम्पत्य जीवनमा मधुरता छाउनेछ ।
कुम्भ	समयमा सही निर्णय लिन सकिनेछ । अध्ययनमा सफलता मिल्नेछ।
मीन	अधिकारका लागि संघर्ष गर्नुपर्ला। परिवारमा केही असामान्यता देखिन सक्छ।



उमेरले छेकेन प्रेमकुमारीको पढ्ने रहरलाई

कक्षामा वरिपरि नातिनातिना उमेरका सहपाठी छन् । उनीहरुकै बीचमा हजुरआमा उमेरकी ६१ वर्षीया प्रेमकुमारी गिरीले ध्यान दिएर पढ्छिन् । बाँकेको कोहलपुर नगरपालिका-११ बगियामा रहेको ज्ञानज्योति माध्यमिक विद्यालयमा कक्षा ६ मा अध्ययनरत गिरी कक्षा कोठाको अघिल्लो लाइनमा बस्छिन् । कक्षामा नियमित उपस्थित हुने उनको अरू विद्यार्थीसरह पढाइमै ध्यान केन्द्रित हुन्छ । ज्ञानज्योति माविको कक्षा ६ मा दिनहुँ देखिने यो दृश्यले हिजोआज धेरैलाई आश्चर्यचकित बनाएको छ । यसले सबैलाई खुसी पनि तुल्याएको छ । कोहलपुर-५ एनसिसिएन टोल निवासी गिरी इच्छाशक्ति भए पढाइलाई उमेरले छेक्न नसक्ने गतिलो उदाहरण बनेकी छिन् ।

“हरेक व्यक्तिले शिक्षा अनिवार्य लिनुपर्छ पढाइभन्दा ठूलो चीज जीवनमा अरू केही छैन”, उनी भन्छिन्, “नातिनातिनासँग पढ्न पाउँदा र छोराहरुले मलाई सिकाउँदा निकै खुसी लागिरहेको छ ।” प्रेमकुमारीले आफ्ना छ सन्तान हुर्काइसकेकी छिन् । उनका छोराछोरी आ-आफ्नो व्यापार व्यवसायमा सक्रिय छन् । कान्छी छोरी उच्च शिक्षा अध्ययनका लागि अष्ट्रेलियामा छिन् । पढ्ने इच्छा हुँदाहुँदै पनि विगतमा घरपरिवार र छोराछोरी हुर्काउँदा विद्यालय जान नपाएको उनको भनाइ छ । अहिले घरपरिवारमा फुर्सद मिलेपछि विद्यालय भर्ना भएर पढाइ सुरु गरेको प्रेमकुमारीले बताइन् । “मैले सानोमा पढ्न पाइनँ, घरकै काममा व्यस्त हुनुपर्यो”, उनले भनिन्, “बाल्यकालमा पढ्न नपाए पनि विद्यालय जाने ठूलो धोको थियो, त्यही धोको पूरा गर्न अहिले पढ्न थालेकी छु ।” नातिनातिना उमेरका सहपाठीसँग पढ्दा रमाइलो हुने गरेको उल्लेख गर्दै उनले भनिन्, “बिहान खाना खाएर विद्यालय आएपछि कक्षामा पढ्दा समय बितेको थाहा हुँदैन, बालबच्चासँग रमाइलो गरी पढ्ने गरेकी छु ।” आफ्नो वडाको विद्यालय घरबाट टाढा पर्ने भएका कारण ११ नं वडामा रहेको विद्यालयमा भर्ना भएको उनको भनाइ छ । ज्ञानज्योति माविको कक्षा ६ मा ७७ विद्यार्थी छन् । विद्यालयमा नियमित रुपमा उपस्थित हुने प्रेमकुमारीको कक्षा कोठा सिकाइस्तर सामान्य रहेको विद्यालयका प्रधानाध्यापक गोविन्द ढकालले बताए । “कहिलेकाहीँ बिरामी हुँदा आउनुहुन्न, अरू बेला कक्षामा उहाँ नियमित रुपमा उपस्थित हुनुहुन्छ”, प्रधानाध्यापक ढकालले भने “लामो समयसम्मको पढाइ छुटेकाले सिकाइस्तर भने सामान्य रहेको छ ।” मलाई पढ्ने रहर लाग्यो, विद्यालयमा भर्ना गरिदिनूस् भनेपछि कक्षा ६ मा प्रेमकुमारीलाई भर्ना गरिदिएको प्रधानाध्यापक ढकालले जानकारी दिए । पाँच सय ६८ विद्यार्थी रहेको सो विद्यालयमा कक्षा ६ मा अन्य दुई विद्यार्थी पनि ३० वर्ष माथिको उमेर समूहका रहेको प्रधानाध्यापक ढकालले बताए । विद्यालयले आयोजना गरेको विद्यार्थीसँग मेयर कार्यक्रममा कोहलपुर नगरपालिकाका प्रमुख पूर्णप्रसाद आचार्यले बिहीवार ६१ वर्षीय विद्यार्थी प्रेमकुमारी गिरीलाई सम्मान गरे । उनले इच्छा शक्ति भए जुनसुकै उमेरमा पनि पढाइ गर्न सकिने कुरालाई प्रेमकुमारीले पुष्टि गरेको भन्दै खुसी व्यक्त गरे । प्रेमकुमारीले पढ्ने गरेको सकारात्मक कार्यको अन्य दिदीबहिनी तथा आमाहरुले पनि देखासिकी गरी अध्ययन कार्य गर्न लाज नमान्न नगरप्रमुख आचार्यले आग्रह गरे । ***-रातोपाटी डटकम***

विद्यालय शिक्षा विधेयक चाँडो पारित गर्न माग

विज्ञ सरोकारवालाको राय-सुझाव लिएर ‘विद्यालय शिक्षा विधेयक, २०८०’ लाई समृद्ध बनाइनुपर्नेमा यस क्षेत्रका जानकारहरूले खाँचो औंल्याएका छन् । प्रजातन्त्रवादी प्राध्यापक संघको १८औं स्थापना दिवसका अवसरमा आयोजित प्राध्यापक बहस चौतारीको ५९औं प्रस्तुति ‘विद्यालय शिक्षा विधेयक, २०८०: सरोकारवालाको चासो’ विषयक बहस कार्यक्रमका वक्ताले शिक्षा विधेयकमा व्यावसायिक र वैज्ञानिक शिक्षाको सुनिश्चित गरिनुपर्नेमा जोड दिए ।

शिक्षाविद् विद्यानाथ कोइरालाले शिक्षक विधेयक अहिले आउन सकेन भने फेरि पनि पर धकेलिने खतरा रहेको जनाउँदै यसमा छुटेका विषयलाई समेटेर चाँडो पारित गराउनेतर्फ सबै जुट्नुपर्ने खाँचो औंल्याए । उनले विज्ञ सरोकारवालाको राय-सुझाव लिएर शिक्षा सम्बन्धी ऐन, नियमावली र कार्यविधि एकैपटक बनाउँदा उपयुक्त हुने बताए । “संविधानविद, कानुनविद्सँग छलफल गरेर ऐनलाई टुङ्गोमा पुर्याउनेतर्फ प्राध्यापक बहस चौतारीले पैरवी गर्नुपर्छ”, उनले भने । शिक्षक भातृ संगठन राख्ने कि नराख्ने भन्नेबारे राजनीतिक तहबाट स्पष्ट हुन जरुरी रहेको भन्दै शिक्षाविद् कोइरालाले शिक्षा क्षेत्रमा राजनीतिकरण गर्न नहुने धारणा राखे । उनले व्यावसायिक शिक्षा नारामै सीमित रहेको भन्दै समयसापेक्ष प्रविधिमैत्री व्यावसायिक र वैज्ञानिक शिक्षाका लागि नीतिगत सुधार गर्न जरुरी भएको उल्लेख गरे । नेपाल शिक्षक महासैका अध्यक्ष कमला तुलाधारले महासंघसँग छलफल नगरी एकलौटी ढङ्गले शिक्षक ऐन अघि बढाइएको आरोप लगाउँदै अब बन्ने ऐनमा शिक्षाको आगामी रणनीतिक लक्ष्य र उद्देश्य स्पष्ट गरिनुपर्ने धारणा राखे । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालका अध्यक्ष गुणराज मोक्तानले राम्रो तयारी र छलफलबिनै विधेयक आएको र कतिपय प्रावधान अव्यवहारिक रहेकाले विवादित बनेको भन्दै विधेयकमा परीक्षा मूल्याङ्कन प्रणालीको व्यवस्थालगायतका विषय समेटिनुपर्ने धारणा राखे ।

यसैबीच संघको स्थापना दिवसका अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै संघका पूर्वअध्यक्ष प्रा डा कुलप्रसाद कोइरालाले संघको विधान कार्यान्वयन र शैक्षिक उन्नयनका लागि यसको भूमिकालाई थप सक्रिय र जिम्मेवारी बनाउन नियमित अधिवेशन हुन जरुरी भएको बताए । उनले विश्वविद्यालयको शैक्षिकस्तर खस्कन नदिनेतर्फ पनि प्राध्यापकहरूले ध्यान दिन जरुरी भएको उल्लेख गरे । संघका पूर्वअध्यक्ष प्राध्यापक गुणनिधि न्यौपानेले प्राध्यापकलाई लोभ र प्रलोभनमा पारेर नेतृत्व हत्याउने प्रवृत्ति हट्नुपर्ने धारणा राखे । प्राध्यापकद्वय अर्जुनप्रसाद पोखरेल र मुरलीधर दाहालले प्रजातान्त्रिक संस्थाभित्र विधि, विधानअनुरुप संस्था चल्नुपर्ने होइन भनी प्रश्न गर्दै संघको अधिवेशन तत्काल गर्न माग गरे । ***-रासस***

शिक्षाको लगानी बालुवामा पानी

प्रा. देवीभक्त ढकाल :

शिक्षामा लगानी किन गर्ने ? यो प्रश्न अप्रासंगिक पनि लाग्न सक्छ । यसभन्दा पहिल्यै अर्को प्रश्न गर्न वाञ्छनीय हुन्छ । शिक्षा के हो ? शिक्षा समाज उपयोगी ज्ञान, सीप, अनुभव, विज्ञता, विशेषज्ञता तथा दूरदर्शिता प्राप्त गर्ने अभ्यासको अमूल्य स्रोत हो । शिक्षा ज्ञान प्राप्तिको आधार हो । मानिसले मानिसका लागि आविष्कार गरेको बेजोड उपलब्धि हो । शिक्षाले व्यक्तिको मन, मस्तिष्क र व्यक्तित्व विकासमा अहं भूमिका खेल्छ । शिक्षाले व्यक्ति स्वयंलाई चिन्न र जान्नमात्रै सक्षम बनाउँदैन उसको पारिवारिक, सामाजिक, राष्ट्रिय साथै अन्तर्राष्ट्रिय भूमिका र कर्तव्यलाई सधैं सम्झाउँछ ।

सचेतना, विवेक, अनुशासन र इमानदारी शिक्षाले दिने अमूल्य उपहारहरू हुन् । शिक्षाले ज्ञान दिन्छ । ज्ञानले व्यक्तिलाई आफ्नो आसपास, समाज, राष्ट्र र विश्व परिस्थितिलाई बुझ्न, जान्न, सकारात्मक परिवर्तन गर्न र समस्याको समाधानका उपाय खोज्न विशेष क्षमतावान बनाउँछ । शिक्षा केवल शैक्षिक विषयहरूको अध्ययन तथा अनुसन्धानमा सीमित नभएर यसले विभिन्न प्रकारको सीप, गुण र दक्षतालाई अभिवृद्धि गर्छ । शिक्षाको माध्यमले व्यक्ति विविध क्षेत्रमा ज्ञानको गहिराइसम्म पुग्छ । परिणामस्वरूप ज्ञानी व्यक्तिले दुनियाँको विषयमा जान्ने, बुझ्ने, बुझाउने र वर्तमानलाई सुधार गर्ने अनन्त सम्भावना तथा क्षमता राख्छ । शिक्षाको माध्यमले विभिन्न क्षेत्रमा कुशलता, दक्षता, विशेषज्ञता र योग्यताको विकास गर्छ । परिणामस्वरूप अध्ययन र पेशाका क्षेत्रमा ऊ सफल र सम्मानित हुन्छ । शिक्षा व्यक्ति स्वयं र समाजलाई खुशी, सुखी बनाउने अस्त्र हो । ‘विद्वान् सर्वत्र पुज्यते’ त्यसै भनिएको होइन ।

शिक्षाले व्यक्तिको विचारशक्ति र चिन्तनशक्तिलाई विकसित गर्छ । व्यक्तिलाई आचार्यता, नैतिकता, दायित्वपूर्ण व्यवहार गर्न, इमानदार हुन, नैतिक साथै चारित्रवान हुन प्रेरित गर्छ । सामाजिक सद्भाव, समरसता र सहयोगको भावना अभिवृद्धि गर्न शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षित व्यक्तिमा एकअर्कोसँग समझदारी, आत्मीयता विकसित गर्ने क्षमता हुन्छ । समाजको प्रगति, उन्नति, विकास र समृद्धिमा यथेष्ट शिक्षाले व्यक्तिलाई उपयोगी बनाउँछ । समाजका प्रतिशिक्षित व्यक्तिको जिम्मेवारी र दायित्व के ? यो कोणबाट शिक्षा प्रणालीको मूल्यांकन समाजले निरपेक्ष गर्नुपर्छ । शिक्षित व्यक्तिले समाजमा सकारात्मक परिवर्तनको अभियन्ताको रूपमा जिम्मेवारी निर्वाह गर्न यदि सक्दैन भने त्यो शिक्षा प्रणाली किमार्थ सफल मानिँदैन । शिक्षित व्यक्ति आफू सक्षम र योग्य हुँदै गर्दा समाजलाई पनि कसरी सक्षम र समृद्ध बनाउने भन्ने हुट्हुटी ऊभित्र उत्पन्न हुन्छ । समाज उत्थानमा हुट्हुटी उत्पन्न नगर्ने शिक्षालाई के शिक्षा भन्ने ? असल शिक्षा पद्धतिले व्यक्तिलाई स्वयंको प्रगतिमा मात्रै केन्द्रीकृत नगरेर समग्र समाज, देश र विश्वको प्रगतिमा कसरी सहयोगी बन्ने भावनाको अभिवृद्धि गर्छ । ज्ञान-सीपलाई साझा गर्न प्रचारप्रसारको दायित्वलाई इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ नै शिक्षित व्यक्तिको वास्तवमा समाज विकासको आधार हो । शिक्षा, स्वास्थ, सामाजिक कल्याण अनुसन्धान, आविष्कार जस्ता अनेकन क्षेत्रहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने दायित्व शिक्षित व्यक्तिको हुन्छ । समाजको धर्म(संस्कृति, सभ्यता, परम्परा, रीतिरिवाज, प्रचलन आदिको संरक्षण र प्रबर्द्धनको दायित्वलाई पूरा गर्ने शक्षित व्यक्तिको आवश्यकता हुन्छ । जीवन र कार्यशैली सम्पूर्ण समाजका लागि अनुकरणीय र उत्प्रेरक काम शिक्षित व्यक्तिबाट असहाय, गरिबहरू, बालबालिका, वृद्धवृद्धाका क्षेत्रसँग यथेष्ट योगदान गर्नुपर्छ । समाजमा शान्ति, सद्भावनाको अभिवृद्धि गर्ने दायित्व र जिम्मेवारीबाट शिक्षित व्यक्ति पन्छियो भने उसले प्राप्त गरेको शिक्षामात्रै होइन उसको समग्र जीवन नै निरर्थक हुन्छ । शिक्षाको मुख्य काम समाजलाई जागरुक बनाउने र चेतना भर्ने हो । चेतनासमेतको जागरुक व्यक्ति समाजको मात्रै होइन राष्ट्रकै प्रगति र उन्नतिलाई निमन्त्रणा गर्ने दरिलो सूत्र हो । समग्रमा शिक्षित जनशक्तिले देशमा साधन के(के छन् ? ती साधनलाई विकसित प्रविधिका माध्यमले उच्चतम् परिचालन गर्ने र जनताको जीवनस्तरलाई उच्च पार्ने हैसियत राख्नुपर्छ । व्यक्तिले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रले मात्रै व्यक्तिलाई शिक्षित भन्न सकिँदैन । व्यक्तिले प्राप्त गरेको शिक्षाले समाजले के पायो ? शिक्षामा योजनाबद्ध लगानीको सुरुवात भएको पनि अब पौने शताब्दी नाघ्यो । के अहिलेसम्मको लगानीको प्रतिफल मूल्यांकन र त्यसको विश्लेषण गर्ने काम हामीले गरेका छौं ? लगानी र प्रतिफलको लेखाजोखा नै नगरिकन गरिने लगानीलाई अब दुरुपयोग किन नभन्ने ? शिक्षाको राष्ट्रिय नीति हुन्छ । त्यस नीतिको पक्षमा भन्दा कतै विपक्षमा त हामीले लगानी गरेका छैनौं ? देशलाई आत्मनिर्भर बनाउन भएको शिक्षाको लगानीले हामीलाई परनिर्भर बनाएको तीतो सत्यलाई जिम्मेवारहरूले कहिले आत्मसात गर्ने ? हाम्रो शिक्षा के हाम्रा साधनस्रोतको उच्चतम परिचालन गर्न र जनताको जीवनस्तरलाई उकास्न सहयोगी प्रमाणित भएको छ ? किमार्थ छैन । त्यसैले हाम्रो शिक्षा प्रणाली देश र नागरिकको भरोसा नभएर धोखा भएको छ । हामीले स्कुल र कलेजमा गरेको लगानीबाट उत्पादित जनशक्ति कति देशभित्र कार्यरत छन् ? गरिबको गाँस काटेर लिएको करबाट भएको लगानीले युरोप, अमेरिका, अष्ट्रेलिया र जापानजस्ता देशहरूले सित्तैमा जनशक्ति पाएका छन् । हामी हाम्रो दुर्लभ मुद्रा विदेशीका लागि आवश्यक पर्ने जनशक्ति उत्पादनमा किन लगानी गर्दैछौं ? अहिले कक्षा एघार र बाह्रमा पढ्ने विद्यार्थीलाई तिमीहरूले किन पढेको भनेर सोध्यो भने उनीहरूको सोझो उत्तर हुन्छ अमेरिका, अष्ट्रेलिया र युरोप जान पढेको भनेर । म मेरो देशको विकास गर्छु । देशमै रोजगारीको सम्भावना खोज्छु । रोजगारी वृद्धि गर्ने उपाय खोज्छु भन्ने जनशक्ति उत्पादन शिक्षाले गरेन भने यस्तो अरार्ष्ट्रिय चिन्तन र दृष्टिकोण बोकेको शिक्षामा भएको लगानीलाई किन दुरुपयोग नभन्ने ? त्यसपछि विश्वविद्यालयमा पढ्नेहरू सबैजसो पढ्दा-पढ्दै विदेशिन कसरी सकिन्छ र पाइन्छ भन्ने सोचले ग्रसित छन् । राम्रो शैक्षिक योग्यता हुनेहरूमध्ये अधिकांश विदेशिन्छन् । युरोप, अमेरिका र अष्ट्रेलिया जानेहरू त फर्कदैनन् । उतै बसोबास गर्न घर किन्नलाई यहाँको पैत्रिक सम्पत्तिसमेत विदेशिने रोगप्रति सरकार किन नियन्त्रण गर्दैन ? उल्टै विदेशिन प्रोत्साहित गर्छ ? राजनीतिज्ञहरूको पनि उनीहरूलाई विदेशिन उत्प्रेरित गर्ने स्वार्थ छ । देशमा योग्य र जागरुक युवा सबै देशभित्रै बसे भने यहाँको राजनीतिक, सामाजिक विकृतिहरूका विरुद्ध जबर्जस्त आवाज उठ्छ । त्यस आवाजले उनीहरूलाई निश्चितरूपमा राजनीतिबाट विस्थापित मात्रै गर्दैन कि भ्रष्टाचारको अभियोगमा जेल पनि हाल्न सक्छ । उनीहरूले विगतमा गरेको भ्रष्टाचारको र अनियमितताको छानविनको सुरुवात हुने बित्तिकै जेल जानुपर्छ । त्यस सम्भावनालाई पन्छाउन राजनीतिज्ञहरू जनशक्ति विदेश पठाउन सहजकर्ताको भूमिका खेल्छन् । अर्को आश्चर्य के छ भने छोराछोरी विदेशी नागरिक हुँदा यता बाबुआमा हर्ष मनाउँछन् । राजनेताहरू आफ्नै छोरा विदेशी नागरिक बन्दा गर्व गर्छन् । यस्तो अरार्ष्ट्रिय सोच हुनेहरूलाई राजनीति र विकासको जिम्मा दिने हाम्रो सोचप्रति जति धिक्कार्दा पनि कम हुन्छ । यहाँको अव्यवस्थाको दबाब र विदेशको सुव्यवस्थाको प्रभावले होनहारमध्येका अधिकांश जनशक्ति विदेशतिर भासिएका छन् । यो परिस्थिति देशको सुदूर भविष्यका लागि दुर्भाग्य हो । यो दुर्भाग्यलाई सौभाग्य ठान्ने वर्तमान राजनीतिका हस्तीहरूको नेतृत्व देशमा जति रहन्छ त्यति नै उनीहरूले होनहार युवालाई विदेशिन उत्प्रेरित गर्छन् । युवालाई विदेश जान उत्प्रेरित गर्ने मुख्य कारण अनियमितता र भ्रष्टाचार हुन् । भ्रष्टाचार र अनियमिततालाई राजनीतिको मुख्य गन्तव्य ठान्ने अहिले दृश्यमा देखिएका राजनीति कर्मीहरूलाई राजनीतिबाट विस्थापित गर्ने र नैतिकता, चरित्र, सदाचार, जनताप्रति आस्था विश्वास र समर्पण भएको नेतृत्वलाई स्थापित गर्नु नै समस्याको समाधान हुनसक्छ । हामीले धेरैपटक राजनीतिक पद्धतिलाई फेर्यौं तर प्रवृत्ति फेर्न सकेनौं । त्यसैले देशको अवस्था पनि फेरिएन ।

शिक्षाले इमानदार, चरित्रवान र राष्ट्रवादी राजनेता उत्पादन गर्न सकेन । इमानदार, देशभक्त प्रशासक, शिक्षक, प्राध्यापक, न्यायाधीश, व्यापारी, उद्योगपति उत्पादन गर्न सकेन । यसकै परिणाम र परिणति हो देशमा मडारिएको भ्रष्टाचार, नातावाद, अराजकता, विधिविहीनता र भद्रगोल । यस्तो भएपछि देश कसरी बन्छ ? सबैलाई अनुशासित, नैतिवान, चरित्रवान इमानदार, जिम्मेवार बनाउने मुख्य सूत्र नागरिकले पाउने शिक्षा हो । वर्तमान शिक्षा प्रणालीमा गीता र पुराणहरू समावेश नहुनु नै कमजोरीका कारण हुन् ? गीता, भागवत, पुराणहरू पाठ्यक्रममा समावेश गर्दामात्रै देशको राजनीति र प्रशासनिक व्यवस्थालाई लयमा फर्काउन सकिन्छ । विकृतिको कारण हाम्रो चरित्र, नैतिकता र इमानदारीको स्खलनप्रति बेवास्ता गर्ने शिक्षा प्रणाली हो । गर्भधारणदेखि १२ कक्षा पास गर्दा देशले पालनपोषण, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा गरेको लगानीका प्रतिमूर्ति सधैंका लागि पलायन हुनु भनेको शिक्षामा मात्रै होइन तिनीहरूलाई गरेको पालनपोषण, स्वास्थ्य शिक्षा आदिको लगानी देशका लागि बालुवामा पानी भएन ? नेपालजस्तो गरिब देशले अमीर देशहरूका लागि सित्तैमा सदाका लागि पलायन हुने जनशक्ति किन उत्पादन गर्ने ? हामीले सित्तैमा नागरिकमात्रै निर्यात गरेका छैनौं माया, अपनत्व निर्यात गरेर देशलाई कंगाल र तिनका अभिभावकलाई बुढेसकालमा असहाय बनाएका छौं । देशलाई कंगाल र अधिकांश अभिभावकलाई बेसाहारा बनाउने दुर्भाग्य आफैंले किन निम्ता गर्दैछौं ? यस विषयमा पुनर्विचार कहिले हुने ? जहाँ राजनीति बिग्रन्छ त्यहाँ सबैकुरा बिग्रन्छ भन्ने कुराको प्रमाण हो विद्यार्थी विदेश पलायन हुने अवस्था । के हामीले शिक्षामा पुनर्विचार गर्नुपर्दैन ? हाम्रा विश्वविद्यालयमै अध्ययन हुने विषयमा विदेश पढ्न जाने अनुमति किन दिने ? यदि हाम्रो विश्वविद्यालयहरूको पढ्नपाठन गुणस्तरीय छैन भने गुणस्तरीय बनाउन लगानी गरौं । विदेश अध्ययनका नाममा हुने लगानी नभएर देशका लागि घाटा हो । यीमध्ये प्रायः विद्यार्थीले नेपाली नागरिकता समेत त्याग्छन् । त्यतिमात्र होइन पछि नेपालमा उनीहरूको अंश भागमा पर्ने सम्पत्तिसमेत बाहिरिने गर्छ । नागरिकलाई सक्षम बनाउनुभनेको राज्य सक्षम हुनु हो तर हाम्रो शिक्षाले बिनालगानी विकसित देशहरूले जनशक्ति उपयोग गर्न पाउने विषयले हामीले हाम्रै खुट्टामा बन्चरो हानेको विषयमा हामी कहिलेसम्म चेतनाशून्य बन्ने ? विदेशिनेलाई दिएको शिक्षालगायत अन्य खर्च देशका लागि बालुवामा पानी भएको छ । अब यसलाई किन नरोक्ने ?

-अनलाइन खबर डटकम

नागको पूजा गरी आज नाग पञ्चमी मनाइँदै

पाल्पा, भदौ ३/प्रत्येक वर्ष जस्तै यस वर्ष पनि नाग पञ्चमी आज मनाइँदै छ । परम्पराअनुसार नागको पूजा अर्चना गरी घरका मूलढोकामा टाँसेर यो पर्व मनाउने गरिन्छ । यसरी नागको तस्वीर टाँस्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायतका जीवले दुःख नदिनुका साथै अग्नि, मेघ र चट्याङको भयबाट पनि बच्न सकिन्छ भन्ने धार्मिक विश्वास छ ।

हरेक वर्ष श्रावण शुक्ल पञ्चमी अर्थात् नाग पञ्चमी तिथि हिन्दु धर्मावलम्बीहरुले घरको ढोकामाथि नागको चित्र टाँसी गाईको दूध, फूल अक्षताको साथमा गाईको गोबर सहित नागको पूजा अर्चना गरी मनाउँदैछन् । वराहपुराणमा उल्लेख भएअनुसार यसै तिथिमा नागराजसँग ब्रह्माको संवाद भएकाले आजको दिन नागपूजाका लागि प्रसिद्ध भएको हो । यस दिन अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शङ्ख गरी आठ नागको पूजा गरी दुबो, गाईको दूध, अक्षता आदि चढाइएका घरमा अगस्त्य, पुलस्त्य, वैशम्पायन, सुमन्तु र जैमिनी ऋषिले अग्निभय र विषयुक्त जीवको भयबाट बचाउने चतुर्वर्ग चिन्तामणिमा उल्लेख गरिएको छ । नागपञ्चमीका दिन बिहान सबेरै पुरोहितद्वारा नागको पूजा गरेर घरको मूलद्वारमा नागको चित्र टाँसी घरधनीले पनि नागपूजा गर्ने शास्त्रीय परम्परा छ ।

आफ्ना कुलनागका थानमा पनि विशेष रूपमा पूजा गरी खीर, रोटीलगायतका प्रसाद चढाउने गरिन्छ । घरमा नाग टाँसेपछि खेतबारीमा खनजोत नगर्ने र नाग, सर्प लगायतका घिस्रने जनावरलाई मार्नु हुँदैन भन्ने मान्यता छ । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने अनिष्ट हुने भएकाले नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको धर्मशास्त्रका जानकारहरु बताउँछन् ।

सोमबार देशभरका नागदह, कुण्ड, र नाग स्थानमा विशेषरुपमा पूजा गरी नागको सम्मानका साथ गाईको दूध, अक्षता, दुबो, खीर र रोटी लगायतका परिकार चढाउने गरिन्छ । वैज्ञानिक रुपमा प्रकृतिमा भएका विषालु पदार्थलाई नाग, सर्पलगायतका जीवले शोषण गरी मानवलगायत अन्य जातिलाई विषालु पदार्थको प्रभाव पर्न नदिने अनुसन्धानबाट पुष्टि गरेपछि ऋषिमुनिले नागजातिको पूजाआजा गर्ने रीत बसालेको विश्वास छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

खेलकुद समाचार

बक्सर घिमिरेलाई जापानमा उपाधि

काठमाडौं, भदौ ३/नेपालका अन्तर्राष्ट्रिय किक बक्सिङ खेलाडी अविरल घिमिरेले जापानको टोकियोमा आयोजित 'प्रोफेसनल किक बक्सिङ हिट ५२ च्याम्पियनसीप'को उपाधि जितेका छन् । शनिबार दक्षिण कोरियाली खेलाडी चाङ ओन याङलाई हराउँदै उनी च्याम्पियन बनेका हुन् ।

'हिमालय चितुवा'का रुपमा विश्व प्रसिद्ध घिमिरेले दक्षिण कोरियाली खेलाडी याङलाई किक बक्सिङ प्रतियोगितामा नकआउट गरेका थिए । सो प्रतियोगितामा भिड्ने घिमिरे पहिलो नेपाली बक्सर हुन् । प्रतियोगिताको पुरुष स्पर्धामा घिमिरेले एक मिनेट ५५ सेकेण्डमै प्रतिद्वन्द्वी याङलाई रिङमा ढालेका थिए । जापानमा रहेर किक बक्सिङको व्यावसायिक खेल खेल्दै आएका बक्सर घिमिरेले बक्सिङ हिट प्रतियोगिताका १३ खेल जितिसकेका छन् । उनले तीनपटक टाइटल म्याचको उपाधि नित्न सफल भएका छन् । घिमिरेले हालसम्म जापान, दक्षिण कोरिया, ब्राजिल, बोलिभिया, नेदरल्याण्ड, थाइल्याण्डलगायत देशका बक्सरलाई पराजित गरिसकेका छन् । उनी अन्तर्राष्ट्रिय किक बक्सिङ प्रतियोगितामा नेपालको पहिचान बनाउन सफल भएका छन् । घिमिरे जापानको नागोयामा सहरमा आफ्ना पिता पूर्व अन्तर्राष्ट्रिय किक बक्सर तथा फुल कन्ट्याक कराँते खेलाडी देव घिमिरेको विशेष प्रशिक्षणमा रहँदै आएका छन् । काठमाडौँको चन्द्रागिरी नगरपालिका-१२ गुर्जुधारा बलम्बूवासी घिमिरेको परिवार केही वर्षदेखि जापानको नागोयामा बस्दै आएको छ ।

अर्थ/कर्पोरेट समाचार

कारोबारको पहिलो दिन नेप्से परिसूचकमा गिरावट

पाल्पा, भदौ ३/कारोबार साताको पहिलो दिन नेप्सेमा गिरावट आएको छ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा २१ दशमलव ९९ अंकको गिरावट देखिएको हा । आइतबारको कारोबारपछि नेप्से परिसूचक दुई हजार ११ दशमलव १४ बिन्दुमा कायम भएको छ ।

विभिन्न कम्पनीका दुई सय ६९ कम्पनीको ४४ लाख ५९ हजार चार सय ५९ कित्ता शेयर ४३ हजार तीन सय ४६ पटक खरिदबिक्री हुँदा एक अर्ब ४४ करोड ७४ लाख आठ हजार नौ सय ४२ रुपैयाँ बराबरको कारोबार भएको छ । सबै समूहको उपसूचक रातो देखिएको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक एक सय ७२ दशमलव ७३ र जीवन बीमा समूहको उपसूचक एक सय ३४ दशमलव ९० अंकले घटेको छ । बैंकिङ समूह तीन दशमलव ६०, विकास बैंक ३५ दशमलव ६०, वित्त ११ दशमलव ०६, होटल तथा पर्यटन एक सय छ दशमलव २६ र जलविद्युत ५० दशमलव ११ अंकले घटेको छ । त्यसैगरी लगानी समूह शून्य दशमलव ६९, उत्पादन तथा प्रशोधन ८८ दशमलव ५४, लघुवित्त ३२ दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव ०४, व्यापार ३६ दशमलव ६० र अन्य समूह २३ दशमलव ५७ अंकले घटेको छ ।

कारोबारमा २९ कम्पनीको शेयर मूल्य बढ्दा एक सय ९० कम्पनीको शेयर मूल्य घटेको छ । फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै चार दशमलव ५७ अंकले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एग्रिकल्चरल बैंक डिभेन्चर-२०८३ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा सबैभन्दा धेरै आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको छ करोड ६३ लाख एक हजार ७० रुपैयाँ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको एक लाख ४९ हजार दुइ सय ४० कित्ता शेयर खरिदबिक्री भएको छ ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले

डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१x५ सि.सि.)
राहदानी	रु. ८००/-

अन्य

ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. १५००/- (२x१० सि.सि.)
प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

हार्दिक बधाई तथा शुभकामना

पाल्पा ट्रेक्टर समितिका सचिव, निर्माण व्यवसायी, सामाजिक व्यक्तित्व **श्री विष्णु बहादुर कार्की** तानसेनमा सम्पन्न **निर्माण व्यवसायी संघ पाल्पाको पाँचौ अधिवेशनबाट संघको वरिष्ठ उपाध्यक्षसहित** हाम्रा शुभेच्छुकहरु **दामोदर गैरे संघको अध्यक्ष, शशी श्रेष्ठ उपाध्यक्ष, राजेन्द्र केसी महासचिव, प्रकाश कार्की सचिव, टेक बहादुर सौमै कोषाध्यक्ष र सदस्यहरुमा उदयराज घिमिरे, कृष्ण प्रसाद पराजुली, सुरेन्द्र राजलवलट, राम राना, जीत बहादुर चौहान, माधव पौडेल** निर्विरोध निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई तथा सफल कार्यकाल**को शुभकामना व्यक्त गर्दछौं ।

हुमराज बस्याल
अध्यक्ष
एवं
पाल्पा ट्रेक्टर समिति परिवार
तानसेन, पाल्पा

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई